# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४ ) काठमाडौं, माघ १५ गते २०४१ साल (संख्या ४१

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी बर्दिया जिल्लाको राजापुर भन्सार कार्यालय अन्तर्गतको तारातात र कोठियाघाट अस्थायी छोटी भन्सार कार्यालयहरूलाई मिति २०४१।६।२६ देखि स्थायी छोटी भन्सार कार्यालयमा परिणत गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय जन प्रशासन क्याम्पस, काठमाडौंले सिङ्गापुरबाट आयात गरेको अमेरिकी डलर ३,६८८।६५ मूल्य बराबरको फोटोकपी मेशिन र सोको उपकरणहरूको आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।